निर्णयहरु:

१. अघिल्लो बैठकमा भएको निर्णय कार्यान्वयनको समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रुपमा भएको पाइयो ।

२. सप्तरी जिल्लामा पर्याप्त बर्षा नहुँदा भुमिगत पानी रिचार्ज हुन नसकी खानेपानीका टुवेलहरु सुक्ने क्रम देखिन थालेको कारण खानेपानीको समस्या बढ्न जानुका साथै सिंचाईको लागि पानीको अभाव देखिएको सन्दर्भमा नेपाल सरकारले मधेश प्रदेशका सबै जिल्लालाई विपद्/सुख्खा संकटग्रस्त क्षेत्र घोषणा समेत गरिसकेकाले सप्तरी जिल्लालाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरी खानेपानी तथा सिंचाईको अभाव परिपूर्तिको लागि तिनै तहका सरकारका निकायहरुबाट सहयोगका लागि आवश्यक पहल गर्ने ।

३. यस जिल्लामा पछिल्लो समयमा पर्याप्त पानी नपरेको कारण जमिनमुनिकको पानीको स्रोत घटी खानेपानीको अभाव भई नागरिकहरुलाई असाध्यै असहज अवस्था सृजना भएको हुँदा प्रमुख जिल्ला अधिकारीले स्थानीय स्तरमा आवश्यक समन्वय गरी व्यवस्थापन गर्न भनी गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३० मिति २०८२।०४।०६ गतेको पत्रबाट लेखि आएको सन्दर्भमा जिल्ला स्थित सम्पूर्ण स्थानीय तहले यस बिषयमा गम्भिर ध्यानाकर्षण भई आवश्यक व्यवस्थापन गर्ने ।

४. यस बर्ष पानी नपरेको कारण खडेरी परी धानबाली लगायत अन्य बाली लगाउन पानीको अभावका भई किसानहरु ठुलो मार्कामा परेको र खानेपानीको स्रोत समेत घटेको अवस्थालाई मध्यनजर गर्दै सिंचाई उपकरण (वोर्डिङ्ग) तथा खानेपानीको व्यवस्थापनको लागि संघ तथा प्रदेश सरकारलाई सिफारिस गरी पठाउने बिषयमा यस अघि बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट भएको निर्णयानुसार सिफारिस गरी पत्राचार भईसकेको विषयलाई जानकारी गराउँदै यस्ता सुख्खा विपद्जन्य परिस्थितिलाई सामना/व्यवस्थापनका लागि स्थानीय तह समेत तदरुकताका साथ अगाडी बढी प्रतिकार्यमा जुट्ने ।

५. अत्याधिक गर्मी (Heat wave) वा उच्च तापक्रमका कारण मानिसहरुमा विभिन्न किसिमका स्वास्थ्य समस्या देखा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य कार्यालय सप्तरीले स्थानीय तहसँग आवश्यक समन्वय गरी आवश्यक पर्ने औषधी लगायत अन्य सामाग्रीहरु तयारी अवस्थामा राख्ने ।

६. सम्भावित बाढी तथा डुवानबाट थप क्षति हुन नदिन स्थानीय तह लगायत विपद् सम्बद्ध निकायहरुले आवश्यक राहत तथा उद्दारका सामाग्रीहरु तयारी अवस्थामा राख्ने ।

७. सप्तरी जिल्ला साविक गा.वि.स. सखडा वडा नं. ६ (क) कि.नं. ३२८ को ४-३-९ जग्गा नेपाल सरकारको नाउँमा रहेको र उक्त जग्गा मध्ये पुर्व तर्फ बाटो देखि उतर तर्फ ०-४-० जग्गा वडा कार्यालय भवन निर्माणको लागि उक्त जग्गा विपद् व्यवस्थापन प्रयोजनको जग्गा नरहेको भनि छिन्नमस्ता गाउँपालिका २ नं. वडा कार्यालको च.नं.९८१ मिति २०८१।०१।२६ गतेको पत्रबाट लेखि आएकोले सोही आधारमा सम्बन्धित निकायमा सिफारिसको लागि आवश्यक प्रकृया अगाडी बढाउने ।

८. जिल्लाका विभिन्न पालिकाहरुमा खानेपानी तथा सरसफाइ डिबिजन कार्यालय, सम्बन्धित पालिका तथा गैरसरकारी संस्थाहरुबाट गरिएको कतिपय डिप बोरिङहरु हाल संचालनमा नरहेकाले खानेपानी तथा सरसफाइ

डिभिजन कार्यालय, जिल्ला प्रशासन कार्यालय, सम्बन्धित पालिकासँग समन्वय गरी अबिलम्ब संचालनमा ल्याउने ।

९. विद्युत ट्रान्सफर्मरहरुको अभावका कारण डिप बोरिङ, समर्सियलहरु संचालन आउन नसकेका कारणले गर्दा नेपाल विद्युत प्राधिकरण, राजबिराज बितरण केन्द्रद्वारा आवश्यक ट्रान्सफर्मरको व्यवस्थापनको लागि पहल गर्न र सम्बन्धित पालिकाहरुबाट समेत ट्रान्फर्मरको व्यवस्थापन गरी डिप बोरिङ, समर्सियलहरु संचालनमा ल्याउने ।

१०. पर्याप्त मात्रा र स्थानमा ट्रान्फर्मरहरुको उपलब्धता नरहेकाले सुख्खा ग्रस्त अवस्थाका कारण सिंचाई, घरवत्ती तथा खानेपानीको समेत समस्या देखिएकाले नेपाल विद्युत प्राधिकरण राजबिराज वितरण केन्द्र मार्फत आवश्यक ट्रान्सफर्महरुको व्यवस्थाका लागि नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयलाई अनुरोध गर्ने ।

११. खानेपानी तथा सिचाईको लागि पानीको अभाव भइरहेको अवस्थामा यस जिल्लाका खाडो नदी, दुधैला खोला, मुतनी नदी, घोरदह खोला, जिता खोला लगायतका खोलाहरुमा पानी बगेर खेर गइरहेकाले तत्कालका लागि जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, सिंचाइ जलस्रोत विकास आयोजना र सम्बन्धित पालिकाले समन्वय गरी भुमिगत पानी रिचार्ज गर्न तथा सिंचाईको लागि ती खोलाहरुमा बगिरहेको पानीलाई खेत सम्म लैजाने व्यवसथा गर्ने ।

१२. विगतका बर्षहरुमा नेपाल विद्युत प्राधिकरण र पालिकाहरुको साझेदारीमा सिंचाई विद्युतीकरणको काम हुने गरेकोमा यस बर्ष समेत नेपाल विद्युत प्राधिकरणको ६०% र स्थानीय तहहरुको ४०% साझेदारीमा सिंचाई विद्युतिकरणको योजना संचालन गर्ने व्यवस्थाका लागि नेपाल विद्युत प्राधिकरण राजबिराज मार्फत नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयलाई अनुरोध गर्ने ।

१३. विपद्को सामना गर्न तत्काल सबै स्थानीय तहहरुले आ-आफ्नो विपद् कोष मार्फत राहत उद्दार का सामग्री खरिद गरी जिल्ला स्थित सुरक्षा निकायहरुलाई हस्तान्तरण गर्ने ।